Terhathum Multiple Campus Research Journal Vol. 8 No. 3 2025

ISSN: 2565-487X (Print)

Submitted Date: Oct. 07, 2024

Accepted Date: May 11, 2025

Research management Cell, Terhathum Multiple Campus

# बैंस कथाको अन्तरसम्बद्धता विश्लेषण

**डा.बिन्दु शर्मा* [१]**

**डा.अमृतादेवी शर्मा* [२]**

## सार

प्रस्तुत लेख नवीन विभासको 'बैंस' कथाको अन्तरसम्बद्धता विश्लेषणमा आधारित छ । अन्तरसम्बद्धता भनेको विशेषाधिकार र भेदभावबाट निर्मित शोषण, उत्पीडन र विभेद खप्टाइको तह हो, जसले सामाजिक पहिचानहरू कसरी अन्तरसम्बन्धित हुन्छन भन्ने कुराको परीक्षण गर्दछ । अन्तरसम्बद्धता विश्लेषणका लागि प्रस्तुत लेखमा सैद्धान्तिक ढाँचाको मूल आधार क्रेन्सा (सन् १९९१), क्रेनिन (सन् १९९६) तथा रोड्रिज र अरू (२०१६) का वैचारिक सामग्रीहरू रहेका छन् । अन्तरसम्बद्ध चेतना आर्थिक, सामाजिक र शारीरिक पक्षसँग सम्बन्धित महिलाको सांस्कृतिक तथा यौनिक भूमिका र त्यसबाट निर्मित शक्तिसम्बन्धसम्बद्ध विषय रहेकाले समाजशास्त्रीय अध्ययनअन्तर्गत अन्तरविषयक समालोचना पद्धतिका रूपमा साहित्यमा प्रयोग हुँदै आएको दृष्टिकोण हो । समालोचनाका क्षेत्रमा अन्तरसम्बद्धता समाजको शक्तिसम्बन्धका आधारमा निर्धारित संरचनात्मक लाभांश प्राप्त र त्यसबाट वञ्चित महिलाका बिचको आर्थिक, सामाजिक सम्बन्ध र त्यसले निम्त्याएको द्वन्द्वात्मक परिस्थिति एवम् महिलाको सम्मानित पहिचानको पक्षधरताका आधारमा कृतिको विश्लेषण गर्ने सिद्धान्त हो । यसले साहित्यिक पाठमा रहेका महिलामाथिको विभेद, शोषण, द्वन्द्व एवम् उनीहरूको मुक्ति जस्ता सामाजिक सांस्कृतिक पक्षहरूको खोजी गरी तिनको प्रयोजनपरक ढङ्गले विश्लेषण गर्ने काम गर्दछ । 'बैंस' कथामा नेपाली समाजको बादी महिलाप्रतिको दृष्टिकोण चित्रण, पितृसत्तात्मक समाजसँगको त्यसको द्वन्द्वात्मक सम्बन्ध एवम् सामाजिक शक्तिसम्बन्धबाट देहव्यापारमा लगाइएका महिलालाई झनै सीमान्तीकृत गर्दै लगेको र त्यसबाट मुक्तिका लागि सशस्त्र विद्रोहको बाटो रोजेको आख्यानात्मक अभिव्यक्तिमा अन्तरसम्बद्ध चेतना सघन बनेकाले यस दृष्टिकोणबाट प्रस्तुत कथा बलशाली रहेको निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी :* अन्तरसम्बद्धता, अन्तरविच्छेदन, उत्पीडन, प्रणालीगत पूर्वाग्रह, प्रतिरोध, सीमान्तीकरण

*[१]Principal author - उपप्राध्यापक, रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौँ, bindu2033@gmail.com, https://orcid.org/ 0009-0008-5093-1416

*[२]Correspondance author - उपप्राध्यापक, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, amritaregmi99@gmail.com, https://orcid.org/0009-0009-4507-9203

## विषयपरिचय

प्रस्तुत शोधको प्रमुख विषय अन्तरसम्बद्धता हो र त्यसको शोधक्षेत्र नवीन विभासको 'बैंस' कथा हो । त्यसैले यहाँ पहिले अन्तरसम्बद्धता र त्यसपछि 'बैंस' कथाको परिचय दिइएको छ । अन्तरसम्बद्धता ( intersectionality) भनेको एउटै समुदायभित्रको शोषण, उत्पीडन र विभेदको फरक अनुभव हो । अन्तरविच्छेदन शब्दको पनि प्रयोग हुने गरेको यस अवधारणाले संरचनात्मक लाभांश प्राप्त समुदायबाट सिर्जित उत्पीडनका तहहरू उद्घाटन गर्दछ । लैङ्गिकता, जाति, वर्ग, यौनिकता, भौतिक सक्षमता, क्षेत्र, धर्म, उमेर आदि विभिन्न किसिमले किनारीकृत हुँदा मान्छेमाथि यस्ता उत्पीडनका तहहरू खप्टिँदै जान्छन् । एउटै समाजमा पनि जात, धर्म, वर्ग पृथक् हुँदा एउटै लिङ्गका मान्छेले बहुस्रोतका आधारमा उत्पीडन खप्नुपर्ने हुन्छ (शर्मा, २०८१, पृ. ६) । ब्राह्मण, पहाडी, धनी वर्गका महिलाले भन्दा ब्राह्मण, मधेसी र गरिब वर्गका महिलाले अधिक उत्पीडन खप्नुपर्छ । नेपाली समाजमा तराईका दलित महिलाका सन्दर्भमा यसलाई बुझ्न सकिन्छ : तराईकी महिला दलित, गरिब र अपाङ्ग छन् भने उनले भोगेको उत्पीडन पहाडी, ब्राह्मण, धनी र साङ्ग महिलाको भन्दा भिन्न हुन्छ तर महिला हुनुको विभेद भने दुवैले भोग्नुपर्छ । यसरी सांस्कृतिक चिन्तन, लैङ्गिक पहिचान, समाज-आर्थिक वर्ग, जातीयता, धर्म आदि विभिन्न पक्षहरू जोडिँदै जाँदा एउटा व्यक्तिका अनुभवहरू पनि गतिशील हुन पुग्छन् । यसले गर्दा एउटै जाति, वर्ग, लिङ्गभित्रका समूहमा पनि विभेदको मात्रा घटीबढी हुन पुग्छ । त्यसैले सबै महिलाहरूलाई पितृसत्ताको एउटै तुलोमा जोखेर हेर्ने नारीवादी दृष्टिकोणमा मात्र सीमित नभई यसले महिलाको बृहत् समाजशास्त्रीय अवस्थितिलाई उद्घाटन गर्दछ ।

सामाजिक वस्तुस्थिति र त्यसको कार्यात्मक प्रतिक्रियाबाट सिर्जित प्रभावको स्पष्ट र यथार्थ प्रतिबिम्बन हुने भएकाले कथामा महिलाका भोगाइका तहहरूको अभिव्यक्ति प्रत्यक्ष रूपमा प्रकट हुन सक्छ । नेपाली कथामा समसामयिक युग (२०३६) को सुरुवातसँगै पारिजातले महिलाका लैङ्गिक, वर्गीय, जातीय, भौतिक सक्षमता, क्षेत्र र उमेर जस्ता किनारीकरणका कारक र महिलाको पहिचानका पक्षलाई लेखनमा स्थापित गराएकी हुन् । त्यसपछि कथामा निरन्तर रूपमा महिलाका सामाजिक सांस्कृतिक भूमिकासँगै उनीहरूको सिर्जनशीलता तथा यौनिकताको सम्मान, समानता र स्वतन्त्रता जस्ता राजनीतिसम्बद्ध सन्दर्भहरूको वास्तविकता र जनचासो आलोचनात्मक रूपमा प्रकट भइरहेको छ । यस्तै विशेषता बोकेको नवीन विभासको 'बैंस' कथा *रोल्पा सुइना* (२०७३) कथासङ्ग्रहमा सङ्गृहीत छ । यसमा पुस्तैनीदेखि यौनव्यवसाय गर्दै आएकी दलित महिलाले भोगेका उत्पीडनको आवाजविहीन स्वरूप, सम्मानित सामाजिक पहिचानको आकांक्षा र त्यसका लागि गर्नुपर्ने विद्रोहप्रतिको आकर्षणमा देखिएको लेखकीय पक्षधरताबाट अन्तरसम्बद्धताको चेतना प्रकट भएको छ । समकालीन समयमा समेत दलित महिलाहरू आर्थिक र जातीय विभेद झेल्दै सामन्तका यौनदासी बनिदिनुपर्ने उत्पीडनको चरम अवस्था देखेर त्यसको अन्त्यका लागि महिलाहरू स्वयम्ले सङ्घर्ष

गर्नुपर्ने अपरिहार्यताबोध गरेका विभासले आफ्ना कथामा उत्पीडक समुदायको सूक्ष्म आलोचना गरेका छन् । अघिल्लो पुस्ताले आफूमाथिको अन्यायलाई पनि सामाजिक थिति स्विकारेर शोषणको प्रतिकार गर्न नसकिरहेको अवस्थामा दलित महिलाहरूको नयाँ पुस्ताले सशस्त्र विद्रोहलाई मुक्तिको माध्येम बनाएकामा लेखकले उत्पीडितहरूप्रति पक्षधरता प्रकट गरेका छन् । त्यसैले प्रस्तुत कथामा अन्तरसम्बद्धता विश्लेषण गर्नु उपयुक्त ठहर्दछ । 'बैंस' कथालाई लैङ्गिक, वर्गीय र जातीय गरी तीन तहको अन्तरसम्बद्ध अनुभवबाट संवेदनशील बनाइएको छ तर त्यस्ता अन्तरसम्बद्ध पहिचानका बारेमा कुनै पनि प्राज्ञिक अध्ययन नभएको हुँदा उक्त कथामा अन्तरसम्बद्धताका कारण सिर्जित पात्रहरूको क्रियाकलाप, चिन्तन र सीमान्तीकरणको गति एवम् प्रतिरोधको दिशाका बारेमा हुनुपर्ने अध्ययन रिक्त नै देखिन्छ । अतः नवीन विभासको 'बैंस' कथामा अन्तरसम्बद्धताको उद्घाटन के कसरी गरिएको छ भन्ने जिज्ञासा यस अनुसन्धानमा रहेको थियो र सोही जिज्ञासा समाधान गर्ने उद्देश्यले प्रस्तुत अध्ययन गरिएको हो । 'बैंस' कथामा शक्तिसम्बन्ध, संरचनात्मक असमानता, प्रणालीगत पूर्वाग्रह तथा सीमान्तीकरणको उत्खनन गर्ने उद्देश्य रहेकाले अन्तरसम्बद्धताका आधारबाट यस कथाको विश्लेषण गर्नु उपयुक्त रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धानमा नवीन विभासको *रोल्पा सुइना* कथासङ्ग्रहमा सङ्कलित 'बैंस' कथामा प्रयुक्त अन्तरसम्बद्धताको मूल्याङ्कन गर्ने निर्धारित उद्देश्यहरू पूरा गर्न पुस्तकालय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । यसरी सङ्कलित सामग्रीहरूबाट प्राप्त तथ्य र तथ्याङ्कको विश्लेषण र मूल्याङ्कन गरी सामान्यीकृत निष्कर्षसम्म पुग्नका निम्ति विभिन्न सैद्धान्तिक र प्रायोगिक समालोचनाका ग्रन्थहरूबाट द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । उपर्युक्त दुवै प्रकारका सामग्रीहरूको समुचित प्रयोग गरी 'बैंस' कथामा उपयोग भएको अन्तरसम्बद्धताको उद्घाटन गर्न समाजशास्त्रीय सैद्धान्तिक ढाँचा तयार पारिएको छ र पाठविश्लेषणबाट सामग्रीको व्यवस्थापन गर्दै त्यसलाई समुचित अर्थापनका साथ अध्ययनको निष्कर्षमा पुगिएको छ ।

### विश्लेषणको सैद्धान्तिक ढाँचा

प्रस्तुत लेखमा अन्तरसम्बद्धताको चेतनाबाट कथामा अभिव्यञ्जित महिलाउत्पीडन विश्लेषण गर्न सैद्धान्तिक ढाँचा तयार पारिएको छ । अन्तरसम्बद्धता महिलाको जात, धर्म, आर्थिक स्थिति, पहिचान र अभिमुखीकरणसँग सम्बन्धित अनुभवहरूको खोजी गरी महिला आन्दोलनलाई समावेशी बनाउने अवधारणा हो । यसले प्रत्येक समुदायका महिलाले भोगेका विभेदका अनुभव पृथक् हुन्छन् भन्ने कुरामा जोड दिँदै एउटा समुदायका महिलाले भोगेको लैङ्गिक असमानतालाई आधार मानेर सबै महिलाले सोही तरिकाले असमानता अनुभव गर्छन् भन्नुलाई गलत ठान्दछ (क्रेन्सा, सन् १९९१, पृ. १२४२) । त्यसैले अन्तरसम्बद्धता भनेको

भेदभावका विभिन्न कारकहरू एकै ठाउँमा कसरी मिसिन्छन् र कसैको जीवनलाई असर गर्न सक्छन् भनेर खोजी गर्ने दृष्टिकोण हो । यसले लिङ्ग, वर्ग, जाति, धर्म, शारीरिक अक्षमता, उमेर, यौनिकता आदि विविध सामाजिक पहिचानहरूले नै साहित्यमा व्यक्तिको अनुभव र दृष्टिकोणसँग अन्तरक्रिया गर्दै वास्तविक आकार दिन्छ भन्ने कुरालाई महत्त्व दिन्छ । एकल आयामका पहिचानको राजनीति वा वर्गको रजानीतिले समकालीन समाज-आर्थिक र सांस्कृतिक परिस्थितिबाट हुने विभेद एवम् शोषणको गहनता तथा त्यसबाट मुक्तिको उपाय खोज्नु कठिन हुन्छ (बाग्लामा, सन् २०२०, पृ. २५) । यो महिलापहिचानका बहुआयामिक रूप र सामाजिक प्रणालीलाई सम्बोधन गर्ने त्यस्तो पद्धति हो जसमा एकअर्काका सम्बद्धता प्रस्टिन्छन् । यो खास गरी नश्ल/वर्ण रङ्गवाद, लिङ्गवाद र वर्गवादले अलग अलग होइन एकै साथ कसरी महिलामाथि हुने विभेद र असमानतालाई एकै ठाउँमा खप्ट्याउँछ र परस्परमै गाँसेर राखिरहन्छ भनेर बुझ्ने अवधारणा हो, जुन नारीवादका अन्य स्वरूप र अवधारणाहरूभन्दा तुलनात्मक रूपमा नयाँ र जटिल पनि छ (राई, २०७७) । वास्तवमा व्यक्तिको समग्र जीवनलाई एकल पहिचानले परिभाषित गर्न सक्तैन किनभने सामाजिक कारकहरू एकापसमा खप्टिन्छन्, जसले गर्दा कथा कथनमा समेत अद्वितीय चुनौती र अन्तरदृष्टि निम्तिन्छन् । यसमा विशेषाधिकार र उत्पीडनका अनुभवहरूलाई आकार दिनका लागि बहुविध सामाजिक पहिचानहरू कसरी खप्टिन्छन् भन्ने कुराको जाँच गरिन्छ । अन्तर्सम्बद्धतालाई व्यापक सन्दर्भका रूपमा लिँदा यो उत्पीडनको एउटा जेलिएको प्रतिमान हो जसले सैद्धान्तिक अवधारणाको समुच्चयलाई बुझाउँछ । यो एक प्रकारको विश्लेषणात्मक पद्धति र मूल्यप्रणाली पनि हो (हुल्को, सन् २००९, पृ. ४४) । आख्यानमा अन्तरसम्बद्धताले विविध पात्रहरूको विश्लेषण गर्न, प्रभावशाली कथाहरूको आलोचना गर्न र शक्ति गतिशीलताको जाँच गर्ने लेन्स प्रदान गर्दछ । यसले महिलावादी, उत्तरऔपनिवेशिक आदि विविध साहित्यसिद्धान्तहरूलाई बहस र विभिन्न विधागत दृष्टिकोणसहितको पुनः आकार दिँदै प्रभाव पारेको छ । सांस्कृतिक पहिचान र वैयक्तिक बुझाइले त्यसै पनि एकअर्कालाई प्रभावित गर्ने भएकाले हरेकका अनुभव भिन्न हुने गर्दछन् । यही अनुभवका आधारमा व्यक्तिलाई बहुपहिचानको समष्टिका रूपमा लिने यस अवधारणले बहुपहिचानका कारणले नै व्यक्तिले हरेक परिस्थितिबारेको सोचाइ तथा त्यसको अर्थ भिन्न तरिकाले निकाल्छ भन्नेमा प्रस्ट हुँदै व्यक्तिको पहिचान खप्टिने मात्रामा भिन्नता हुन्छ र यसबाट नै पहिचानको श्रेणीको महत्त्व प्रस्टिन्छ भन्ने मान्यता राखेको छ । त्यसैले सबै पहिचानका व्यक्तिले भोग्ने उत्पीडनलाई एउटै वर्गमा राखेर हेर्नु न्यायसङ्गत हुँदैन किनभने संरचनात्मक अवरोधहरू विभिन्न तरिकाले समाजमा प्रवेश गर्छन् र सामाजिक स्तरहरूलाई अन्तर्सम्बन्धित बनाउँछन् (डे ब्रिज, सन् २०१५, पृ. २३) । यस्तो गतिशील विश्लेषणले एउटै प्रवर्ग पनि फरक पहिचानका सन्दर्भमा कसरी विभिन्न प्रायोगिक आधारहरूमा बाँडिन्छन् भन्ने स्पष्ट पार्छ । एउटी महिला पनि उत्पीडित हुने तहमा पुग्दा वर्ग र जातीयताका दृष्टिले पृथक् पहिचानकी बन्न जान्छिन् । यस्ता प्रवर्ग पृथक् भूमिकामा मौन बस्दा वा वाचाल हुँदा त्यसको अर्थ पनि परिवर्तन हुन्छ ।

पाश्चात्य ऐतिहासिक परम्परालाई दृष्टिगत गर्दा अन्तरसम्बद्धताको सैद्धान्तिक अवधारणामा महिलाअध्ययनप्रतिको समाजशास्त्रीय अभिरुचि र भावना एवम् सामाजिक मुद्दाहरूको प्रभावले भूमिका खेलेको देखिन्छ । अन्तरसम्बद्धताको अध्ययनको केन्द्र भनेको समुदायमा व्यक्तिले गरेको विभेदको अनुभूतिको सिलसिला हो जसलाई वस्तु विशिष्टीकराण (कन्टेन्ट स्पेसिअलाइजेसन) भनिन्छ (रोड्रिज र अरू, सन् २०१६, पृ. २०२) । यसको अवधारणा बिसौँ शताब्दीको अन्त्यतिर पहिलोपल्ट अमेरिकी जनअधिकारका पैरवीकर्ता किम्बर्ल विलियम्स क्रेन्सले स्थापित गरेकी हुन् । यसको मूल आधार नारीवादअन्तर्गत पनि काला महिलाहरूले अधिक उत्पीडन र विभेद खप्नुपर्छ भन्ने सन्दर्भसित जोडिएको छ । यस्ता असमानताको क्षेत्रअन्तर्गत निश्चित संङ्गठनभित्र रहेका वर्ग, लैङ्गिकता र जातीय विभेद सिर्जना गर्ने अभ्यास, प्रक्रिया, कार्य र अर्थको अन्तर्सम्बन्ध पर्छन् (आकर, सन् २००६, पृ. ४४३) । खप्टिएर आउने असमानताका क्षेत्रहरूलाई प्रवर्गका रूपमा लिन सकिन्छ । समान साझा विशेषता भए पनि सामाजिक प्रवर्गहरू विश्लेषणात्मक रूपले पृथक् हुन्छन् जसले गर्दा अन्तरसम्बद्धताभित्र निश्चित पहिचानको उत्पादन र व्यवस्थापन हुन पुग्छ (टुओरी, सन् २०१४, पृ. ३३) । सामाजिक सङ्गठनभित्र व्यक्ति र समूहबिच दीर्घकालीन सीमाहरूको सिर्जना खोजी गर्न र तिनको भूमिका विश्लेषण गर्नका निम्ति यस्ता प्रवर्गहरू उपयोगी हुन्छन् । उक्त सैद्धान्तिक पृष्ठभूमिमा हेर्दा विषयवस्तुमा संयोजित अन्तरसम्बद्ध अनुभव, त्यसले सिर्जना गरेको विभेद, पात्रको सीमान्तीकरण, त्यसको प्रतिरोध र न्यायप्राप्तिको प्रक्रिया जस्ता द्वन्द्वात्मक क्रियाकलापबाट नेपाली कथामा अन्तरसम्बद्धताको अभिव्यक्ति भएको छ र यसले सामाजिक न्यायसहितको मार्क्सवादी महिलावादकै पृष्ठपोषण प्राप्त गरेको छ । नेपाली आख्यानरचनामा यसले सीमान्तीकृत समुदायले भोगिरहेका प्रणालीगत असमानताबारे गहन विमर्श प्रस्तुत गर्दै उत्पीडनका अनुभवहरूमा सिर्जित विविध पहिचानहरूको अन्तरक्रिया र न्यायिक चिन्तनको क्षेत्रलाई बहसमा ल्याएको छ । उपर्युक्त सैद्धान्तिक विमर्श र नवीन विभासको ‘बैंस’ कथाको विषयगत स्वरूप संयोजन गर्दा अन्तरसम्बद्धताको अभिव्यक्ति चार किसिमले भएको पाइन्छ : (१) शक्तिसम्बन्ध, (२) संरचनात्मक असमानता, (३) प्रणालीगत पूर्वाग्रह र (४) सीमान्तीकरण । शक्तिसम्बन्ध भनेको सत्तासीनहरूले पहुँचविहीनहरूमाथि गर्ने शक्तिको अभ्यास हो (क्रोनिन, सन् १९९६, पृ. ५६) । यसबाट कुनै समुदायलाई सहुलियत दिने र कुनैलाई चाहिँ दमन गर्ने सामाजिक, राजनीतिक परिपाटी विश्लेषण गर्न सकिन्छ । संरचनात्मक असमानताले समाजको संरचना नै विभेदमा आधारित रहेको वास्तविकतालाई बुझाउँछ (क्रेन्सा, सन् १९९१, पृ. १२५८) । यसले कसरी कुनै समुदाय वर्चस्वशाली र कुनै सीमान्तीकृत भयो भन्ने कुरा उद्घाटन गर्दछ । राज्यले नियम कानुन नै बनाएर गरेको विभेद प्रणालीगत पूर्वाग्रह हो (क्रेन्सा, सन् १९९१, पृ. १२४१) । सामाजिक न्यायसँग सम्बन्धित मुद्दा उद्घाटन गर्नका लागि सीमान्तीकृत समुदायले आफूले सामना गर्ने प्रणालीगत पूर्वाग्रहहरूमा ध्यान केन्द्रित गर्दछ । नेपालका सन्दर्भमा १९१० सालमा जङ्गबहादुरले जारी गरेको मुलुकी ऐन यस्तो पूर्वाग्रको नमुना हो, जसमा दण्ड सजाय पनि जात र लिङ्गका आधारमा गरिएको

थियो (आहुति, २०७५, पृ. ८०)। राज्यले प्रणालीगत पूर्वाग्रह राखेर तथा सोचविचार गरेरै कुनै समुदायलाई समाजको मूल प्रवाहबाट किनारातिर धकेल्ने प्रक्रिया नै सीमान्तीकरण हो । प्रस्तुत अध्ययनमा कथा विश्लेषण गर्दा उपर्युक्त चार आधारमा केन्द्रित भई निगमन विधिबाट सामग्रीको व्यवस्थापन गर्दै त्यसलाई अर्थापन गरिएको छ ।

## नतिजा र विमर्श

नवीन विभास उत्पीडित समुदायको न्याय र शोषणको जगमा उभिएको सत्ताले किनारामा धकेलेका मान्छेको प्रतिरोधी चेतनालाई लेखनमा महत्त्वका साथ स्थापित गर्ने कथाकार हुन् । उनको *रोल्पा सुइना* (२०७३) सङ्ग्रहमा सङ्गृहीत 'बैंस' कथामा बाहुनवादी पितृसत्तात्मक समाजका दलित महिलाको वस्तुगत जीवनभोगाइ, सामाजिक सांस्कृतिक सम्बन्ध, विभेद र शोषणको चरित्र, उनीहरूको चेतनाको स्वरूप तथा विभेदयुक्त समाजका दलित महिला, जसलाई सामाजिक सत्ताले यौनव्यवसायी बनाएको छ, को जीवनदशाको वास्तविकताबोध गराइएको छ। यसमा दलित महिलाको लैङ्गिक, जातीय र वर्गीय रूपले सीमान्तीकृत हुनुपर्दाका असन्तुष्टि र अप्रकटित विरोध हुँदाहुँदै पनि उनीहरूको किनारीकरणको प्रक्रियाले निरन्तरता पाइरहेको र उनीहरूको उत्पीडनका तहहरू खप्टिँदै गएको अवस्थामा सङ्गठित विद्रोहमा सामेल भएर आफूमाथिको उत्पीडनको प्रतिकार गर्न खोजेको सन्दर्भको चित्रणबाट अन्तरसम्बद्ध चेतनालाई सघन बनाइएको छ । यसमा अन्तरसम्बद्धता विश्लेषणका निम्ति (१) शक्तिसम्बन्ध, (२) संरचनात्मक असमानता, (३) प्रणालीगत पूर्वाग्रह, र (४) सीमान्तीकरण गरी चारओटा उपकरण प्रयोग गरिएका छन् ।

### शक्तिसम्बन्ध

शक्तिसम्बन्धका आधारमा समाजमा मूल रूपमा दुई वर्ग देखा पर्दछन् : एउटा सत्ताको शक्तिमा हालीमुहाली गरिरहेको प्रभुत्वशाली वर्ग र अर्को शक्तिविहीन सीमान्तीकृत वर्ग । यी सामाजिक वर्गहरू जहिले पनि शक्तिको प्रणालीभित्र रहेर अन्तरक्रिया गर्दछन् किनभने वर्णवादी पितृसत्तात्मक र वर्गीय समाजमा यस्तो शक्तिसम्बन्ध उत्पादनका साधनमा कब्जा जमाएका कथित माथिल्लो जातका पुरुषहरूको प्रभुत्वमा केन्द्रित हुन्छ । फलतः राज्यका कानुन, नीति र सरकारका निर्णयहरूमा पनि उनीहरूकै बोलवाला रहन्छ । उनीहरूले नीतिनियम पनि आफूअनुकूल हुने गरी निर्धारण गर्दछन् र शक्तिविहीनहरूमाथि निर्बाध रूपले शासन गरिरहन्छन् । 'बैंस' कथामा मूलतः लैङ्गिक, वर्गीय र जातीय गरी तीन तहको उत्पीडन खपेका दलित महिला र उनीहरूमाथि शासन गरिरहेका कथित माथिल्लो जातका पुरुषहरूका बिचको सम्बन्धमा देखिएको अवकाशबाट नेपाली समाजको सामाजिक र आर्थिक शक्तिसम्बन्धको वास्तविकता र त्यसबाट सिर्जित अन्तरसम्बद्ध उत्पीडनको उद्घाटन भएको छ । कथाकी म पात्र महिला र दलित भएकै कारण सामाजिक मूलधारबाट यतिसम्म उपेक्षित भएकी छ कि ऊसँग यौन तृप्ति लिएका बाउसाबहरू पनि मर्यादित रूपले

बोल्न चाहँदैनन् । जिल्लासदरमुकाम रहेको खलङ्गाको गैरीखाली भन्ने ठाउँमा अवस्थित चौर सधैँ जसो सभा र भाषण हुने गरेकामा त्यस दिन सुनसान देखेर उसले अचम्म मान्दै त्यहीँकै बाउसाबसँग जिज्ञासा राख्दा पाएको जवाफ यस्तो छ :

> होइन दिनदिनै भाषण फल्ने गैरीखालीमा आज के भएछ ? अनुमान पनि लाउन नसकी झिँगा भन्किरहेको चौर नियाल्छु । ....उसैघरी 'तल्लो बाटो पनि मेरै, माथ्लो बाटो पनि मेरै' गर्दै हिँडिरहेका रवीन्द्रविक्रम बाउसा'बलाई बिन्ती बिसाउँछु, 'राजा आज किन भाषण छैन' ? इः (गुप्ताङ्गतिर इसारा गरेर) भाषण, भने । 'हजुरहरूकै त थियो नि हिजो पनि' भन्नलाई आधा बाटो झरिसकेको बोली दुई हातले थाम्छु । (पृ. १४)

समाजमा लैङ्गिक, वर्गीय र जातीय रूपले समेत उच्च हैसियत प्राप्त रवीन्द्रविक्रमले दिएको उपर्युक्त जवाफमा नेपाली समाजको शक्तिसम्बन्धले सिर्जना गरेको विभेदको फराकिलो अन्तराल प्रतिबिम्बित भएको छ । म पात्रले उच्च आदरका साथ 'राजा' भनेर सम्बोधन गर्दा सिधै गुप्ताङ्ग देखाउने रवीन्द्रको हर्कत समाजमा उच्च जातको पुरुष भएका कारण प्राप्त शक्तिका आडमा निर्मित भएको हो । उच्च वर्ग र जातको पुरुषलाई मनपरी गर्ने 'लाइसेन्स' नै दिएको त्यही समाजले दलित, त्यसमा पनि बादी स्त्रीलाई चाहिँ बाउसापलाई जवाफ फर्काउने छुटसम्म पनि दिएको छैन किनभने बादी समुदायमा महिलासँगै बालिका र किशोरीहरूलाई समेत देहव्यापारमा संलग्न गराइन्थ्यो (बुढाथोकी, २०७८) । यही निम्छरो अवस्थाका कारण उसले मुखमा आइसकेको बोली पनि हातले थुनेर रोकेकी छ । शक्तिसम्बन्धको पिँधमा पारेकाले नै कुनै पनि किसिमको सम्मानित हैसियत प्राप्त गर्न नसकेकी म पात्र अपमानित हुनुसँग समाजलाई कुनै सरोकार पनि छैन । समाजले उल्टै उच्च वर्गका पुरुषलाई उनीहरूमाथि यौनशोषण गर्ने छुट दिएको छ । "पुलिस/कर्मचारी र हुनेखाने बाउसा'ब आए । बाउ बने । गए" (पृ. ११) भन्ने उसका भनाइले पनि ऊ बाउसाबजस्ता पुरुषहरूकी यौनदासी रहिसकेको कुरालाई पुष्टि गर्दछ ।

प्रस्तुत कथाको अर्को सामन्ती पात्र नरेशजंग राजाले 'म' पात्रमाथि प्रत्यक्षः लिङ्ग, जात र उमेरका आधारमा गरी तीन किसिमले उत्पीडन गरेको छ । महिला भएकै कारण राजा बसौँदेखि 'माया गरेको' बाहनामा उसको यौवनसँग खेलेको छ भने उमेर ढल्कन थालेपछि छोरीतर्फ आकर्षित हुँदै उसलाई बेवास्ता गरेको देखिन्छ । जातीय रूपले चाहिँ सुरुदेखि नै उसलाई पानी नचल्ने भन्दै प्रताडित गरेको राजालाई यौन र रक्सी चाहिँ चोखो भएको छ । यिनै तीन आयामका विभेदबाट उद्घाटित महिला र पुरुषका बिचको सामाजिक शक्तिसम्बन्ध कथामा यसरी चित्रित छ :

> आश्चर्य र हर्षबिच आँखामा फरक्क फर्कन्छ, राजा र मेरा दिन । छिटो छिटो नजर झुकाएर भन्छु, 'दर्शन राजा, कताबाट आज बाटो बिराएर दर्शन दिइसियो ?'....'कहिले सवारी होइसियो ?' वरपर नजर

> डुलाइरहेका बाउसा'बले उत्तरै नदिई सोध्छन्, 'लाली खै ?' लालीलाई खोजेपछि मभित्रको 'आइमाई' एकाएक झस्कन्छे । जबर्जस्त थामेर दायाँ हातले सानो गिलास बनाउँछु अनि भन्छु, 'अलिकति घाँटी भिजाउने..!' लालीबारे केही नभनी उही आठबोतले जर्किनबाट गिलासमा रक्सी खन्याउँछु तर, नखाने इसारा गर्दै बाउसा'ब भन्छन्, 'लाली ले' ! 'नुहाउन कोटखोला,' मेरो मुखबाट अनायास बोली फुस्केर झर्छ । बोली भुइँ नझर्दै बाउसा'ब घोडा चढ्छन् । घोडाको टाप बजेको आवाजसँगै मन फेरि फाट्न थाल्छ, 'यै हातले दिएको रक्सी पिउँथे । 'माया गरेको' भन्थे । हिजोसम्म त 'पानी मात्र नचल्ने' भन्थे । अब मेरो हातको रक्सी पनि नचल्ने भयो ?' (पृ. १४–१५)

म पात्र र नरेशजंग राजाका एकापसका सम्बोधन, व्यवहार र आशयबाट यहाँ उनीहरूका बिचको सामाजिक सम्बन्धको रिक्तता उद्घाटन् भएको छ । यौवन कालमा 'माया गरेको' भन्दै यौनसम्बन्ध राखेको राजाबाट ऊ आफू अधबैसेँ अवस्थामा पुग्दा नपुग्दै उपेक्षित त भएकी छ साथै किशोरी लालीमाथि आखाँ लगाएपछि झस्किएकी उसले राजालाई छोरीसम्म पुग्न नदिनका लागि अनेक बहाना बनाउन खोजेकी पनि छ तर ऊ भने कुनै पनि प्रश्न र बहानामा नअल्झिएर सिधै लालीका पछि लागेको देखिन्छ । यहाँ पनि लाली बादी महिला भएकै कारण किशोरावस्थामै उच्च वर्ग र जातका यौनपिपासु पुरुषबाट जोगिन नसक्ने परिस्थिति सिर्जना भएको हो । प्रौढावस्थामा पुग्दा पनि उच्च वर्गको पुरुषलाई निर्वाध रूपमा बादी महिलाको दुईतीन पुस्तासम्मकै यौनशोषण गर्ने सर्वाधिकार समाजको सामन्तवादी शक्तिसम्बन्धले प्रदान गरेको हो । यही सम्बन्धका कारण नै उत्पीडनको पिँधमा परेकी म पात्रले किशोरी छोरीलाई आफ्नो यौनसाझेदार बनिसकेको प्रौढ पुरुषबाट जोगाउन नसकेकी हो भने उक्त समाजले पनि सत्तामा स्थापितहरूलाई छुट दिँदै यो घटनालाई अनदेखा गरिदिएको छ ।

प्रस्तुत कथामा आर्थिक शक्तिसम्बन्धका आधारमा पनि म पात्रले उत्पीडन खप्नुपरेको छ । कथामा गरिएको वर्णनअनुसार म पात्रसँग सदरमुकाम नजिकैको बाठाबारा भन्ने ठाउँमा घरको नाममा एउटा छाप्रो छ । त्यही बसेर उसले रक्सी पार्दै, बेच्दै र यौनव्यवसाय गर्दै (पृ. ११) आफ्नो परिवारको आजीविका चलाएकी छ । उत्पादनका साधन मानिएका जमिन र पुँजीसँगै महिला भएका कारणले मजदुरीयुक्त श्रम गर्नबाट समेत वञ्चित गरिएको र वर्णवादी समाजले देहव्यापार गर्न बाध्य पारेका कारण उसले आफ्नो योनीलाई नै आम्दानीको माध्ययम बनाउन विवश भएकी हो । त्यसैले आर्थिक रूपले पनि उसको अवस्था दयनीय रहेको कुरा "अस्ति साँझ पारेको रक्सी ...बिक्री होला जस्तो छैन । खाना पकाउने भाँडाकुँडा यसै यसै टोलाइरहेछन् । ...टोलाउँछु हेरेर, घरी रक्सी त घरी बैंसलाई ।" (पृ. ११) भन्ने उसका भनाइबाट पनि प्रस्ट हुन्छ । सामन्तवादी समाजको यस्तो शक्तिसम्बन्धका कारण नै यौन र रक्सीको व्यवसाय गर्न विवश भएकी एउटी शक्तिहीन महिला अपमानित जीवन जिउन विवश हुनुपरेको छ भने समाजका ठुलाबडा भनिने पुरुषहरूलाई चाहिँ उन्मत्त

हुने छुट प्राप्त भएको छ । यसरी कथा महिला, दलित, अधबैंसे र गरिब भएकै कारण सामाजिक शक्तिसम्बन्धले किनारामा धकेल्दै म पात्रमाथि गरेको चार तहको उत्पीडनबाट पाठकहरूलाई प्रभावकारी ढङ्गले विभिन्न प्रकारका भेदभावहरूको अन्तरसम्बद्धता पहिचान गराउन सक्षम रहेको छ ।

**संरचनात्मक असमानता**

समाजका सदस्यका रूपमा रहेका व्यक्ति, उनीहरूको आपसी सम्बन्ध, रीतिथिति, चालचलन, कामको तौरतरिका, उत्पादन सम्बन्ध र त्यसबाट निर्मित दृष्टिकोण जस्ता समाजका सारभूत पक्षहरूमा त्यसको संरचनात्मक स्वरूप प्रतिबिम्बित हुन्छ । सामाजिक वर्गहरू र तिनको शक्तिसम्बन्धका बिचको अन्तरक्रियाले यस्तो संरचनामा भएको असमानताको परिणाम उद्घाटन गर्दछ, जुन दीर्घकालीन र अल्पकालीन हुन सक्दछ । सामाजिक आर्थिक न्यायको प्रणाली, राजनीतिक संस्था आदिमा एउटा समुदायको निरन्तर भइरहेको हालीमुहाली र आर्थिक सामाजिक रूपले पछाडि पारिएको अर्को समुदायको पहुँच नै नपुग्नु जस्ता कारणले यस्तो असमानता दीर्घकालीन बन्न पुगी नेपाली समाजको शक्तिसन्तुलन नै बिग्रिएको अवस्था छ । त्यसैले महिला समुदायभित्रै पनि आर्थिक रूपले सम्पन्न, खसआर्य, पहाडी मूलका, हिन्दु, सपाङ्ग महिलाले जति संरचनात्मक लाभांश प्राप्त गर्दछन्, आर्थिक रूपले विपन्न, दलित, तराईवासी, अपाङ्ग महिलाले त्यति नै प्रतिकूलताको स्थिति सामना गर्नुपर्दछ । व्यक्तिको पहिचानका यस्ता विभिन्न स्वरूप र असमान भौतिक अवस्थामा निर्मित समूहगत अवधारणाले भूमिका खेलेका कारण 'बैंस' कथाकी म पात्रको चिन्तनमा विद्यमान संरचनात्मक असमानता कथामा यसरी प्रकट भएको छ :

> हिँडे पनि नजर भने अडिइरहन्छ लालीमा, पहिलोपालि देखेजसरी । एकै छिनमा मन कहाँ हो कहाँबाट भरिएजस्तो हुन्छ । त्यसपछि लाग्छ, बाली भित्र्याउने बेला हुन थाल्यो । 'यत्तिकी थिएँ कि !' आफैँले आफ्नो अनुमानलाई काट्छु, 'अलि ठुली थिएँ ।' मैले त आमालाई छिट्टै ताल छोपेकी थिएँ । त्यसैले होला, आमाले 'भोको रहन दिइनँ' भन्थिन् । र मलाई आमाले 'पहिले छोरा पाइस्, दुःख पाउने भइस्' भन्थिन् । (पृ. १२)

आफूले यौनव्यवसाय सुरु गरेको उमेरसँग छोरीको उमेर दाँजेर यौवनावस्थामा पुग्दै गरेकी छोरीलाई बाली भित्र्याउन तयार भएको खेतका रूपमा लिई उसलाई पनि उत्पादन (यौनव्यवसाय) मा लगाउने बेला भएको अड्कल काटेकी म पात्रको चिन्तन जातीय, लैङ्गिक, सामाजिक र आर्थिक सीमान्तीकरणको परिणामबाट निर्मित छ । यसलाई विभेदपूर्ण समाजको संरचनात्मक असमानताले परिपुष्ट बनाएको हो, किनभने यही संरचनाले सुगम क्षेत्रका मध्यमस्तरीय खसआर्य महिलाका लागि छोरीहरूको त्यो उमेर उच्च शिक्षातर्फ लगाउने, दुर्गम क्षेत्रका महिलाका लागि बिहे गरिदिने, जनजाति महिलाका लागि पुर्ख्यौली सिप सिकाउने, मजदुर महिलाका लागि आफूसँगै मजदुरीमा लगाउने उमेरका रूपमा निर्धारण गरिदिएको छ ।

यसैको परिणामस्वरूप पचासको दशकसम्म पनि अन्य समुदायका किशोरीहरू ठाटिएर क्याम्पस जाँदै गर्दा बादी समुदायका किशोरीहरू चाहिँ ग्राहकको खोजीमा लगाइन्थे । २०६१ सालमा कैलाली र दाङमा आत्मसम्मानपूर्वक बाँच्न पाउनुपर्छ भन्दै 'लाइसेन्स दे या पुनर्स्थापना गर' भन्ने नाराका साथ सुरु भएको बादी महिलाहरूको आन्दोलनमा बाध्यात्मक यौनपेसामा संलग्नहरूको पुनर्स्थापना, शिक्षा, स्वास्थ्य, रोजगारी र भूमिको व्यवस्थासँगै देहव्यापारका क्रममा जन्मिएका सन्तानको नगरिकताको पनि माग राखिएको थियो ( बुढाथोकी, २०७८) । २०६४ सालमा उमादेवी बादीको नेतृत्वमा देशभर भएका आन्दोलनका क्रममा माइतीघर मण्डला र सिंहदरबारअगाडि गरिएको अर्धनग्न प्रदर्शनसहितको ४८ दिने आन्दोलनपछि २०६५ सालमा मात्र सरकारले बादी समुदायलाई देहव्यापारमुक्त घोषणा गरेको थियो । तत्कालीन समाजको यही कुरूपता उद्घाटन् गर्ने उद्देश्यका साथ लेखिएको प्रस्तुत कथामा म पात्रले 'छिट्टै ताल छोपेको' अर्थात् आमाको यौनव्यवसाय सह्मालेकाले भोको रहनु नपरेको बताएर छोरीलाई पनि सोही पेसामा संलग्न गराउन खोजेकी हो । यौनव्यवसायमा लगाइएका बादी महिलाको समुदायमा छोरीले आफ्नो उमेर छँदै व्यवसायमा सघाउँछन् भन्ने सोचका साथ छोरी सन्तान पहिले जन्माउनुलाई बढी प्राथमिकता दिइएको हो । यसको ठिक विपरीत अन्य समुदायका महिलाहरू भने उमेरमै बुहारी कज्याउन पाइने आशाले छोरा पाउनुलाई बढी महत्त्व दिने प्रचलन रहेको थियो । वर्णवादी, पितृसत्तात्मक, यौनपिपासु र वर्गीय सामाजिक संरचनाले स्थापित गरेको असमान चिन्तनलाई अझ प्रस्ट्याउँदै ऊ कथामा अगाडि भन्छे– "कता कता बारीमा पाक्न थालेको बालीझैँ लाग्न थाल्छ आफ्नै छोरी । सोच्छु, यस्तै भयो होला मेरी आमालाई नि म तरुनी हुन थालेपछि ! छोरीको आशमा पालेको आशा एक्कासि तन्नेरी भएझैँ लाग्छ" (पृ. १५) । समाजको यस्तो भाष्यलाई दोहोऱ्याउँदै पाठकमा समाजको कुरूपता सम्प्रेषण गरी अन्यायपूर्ण जीवन जिउन बाध्य भएका बादी महिलाहरूको मुद्दालाई साझा बनाउने लेखकीय आशय यहाँ प्रकट भएको छ । यसले कथामा 'स्टेरियोटाइप'लाई चुनौती दिँदै बादी महिलाहरूको प्रतिनिधित्वको दायरा फराकिलो बनाउन र पाठकहरूलाई उनीहरूप्रति समानुभूति देखाउन आमन्त्रित पनि गरेको छ । बादी महिलाको देहव्यापारबाट मुक्तिसहितको सम्मानित पहिचानमा संरचनात्मक असमानता नै अवरोधका रूपमा रहेकाले उनीहरूको अन्तरसम्बद्ध दलनले निरन्तरता पाएको वास्तविकता उद्घाटन् गर्न कथामा गरिएको दलित महिला पात्रको पक्षधरतासहितको आख्यानीकरण तथा उत्पीडित पात्रको प्रमुख भूमिका सफल सावित भएको छ ।

**प्रणालीगत पूर्वाग्रह**

उत्पीडित समुदायमाथि राज्यबाट संस्थागत रूपमै जानाजान विभेद हुनु नै प्रणालीगत पूर्वाग्रह हो । जाति, जनजाति, लैङ्गिकता, क्षेत्र, भाषा, उमेर, अपाङ्गता आदिप्रति राज्यले कानुनी रूपमै पूर्वाग्रह राखेको छ । केही दशक अगाडिसम्म पनि तराईमूलका समुदायका लागि सैनिक सेवामा प्रवेश निषेध जस्तै थियो । अहिले पनि राज्यका संस्थाहरूमा खसआर्य पुरुषहरूकै बोलवाला छ । महिलाहरूलाई वैदेशिक रोजगारीका लागि खाडी

मुलुक जानमा लगाइएको प्रतिबन्ध होस् वा पैतृक सम्पत्ति र नागरिकताका सवालमा महिलाहरू माथि तेर्छ्याइएका सर्त, सबैमा राज्यको पूर्वाग्रह अहिले पनि कायमै छ । यसैका कारण यी समुदायप्रति पेसागत रूपमा पनि विभेद छ । दलित महिलाका सवालमा त झन परम्परादेखि चलिआएको प्रचलनका नाममा राज्यले 'नथुनी छुटाउने' प्रथा जस्तो हाकाहाकी गरिने बलात्कारलाई समेत छुट दिएको थियो । दलित महिलाप्रति राखेको राज्यको यस्तो प्रणालीगत पूर्वाग्रहलाई 'बैंस' कथामा दलित किशोरीहरू बलात्कृत हुनुलाई पनि आवश्यकताका रूपमा लिने सामाजिक र पारिवारिक परिपाटी तथा स्कुल भर्ना हुन र नागरिकता लिनका लागि चाहिने बाबुको नामको अनिवार्य कानुनी व्यवस्थाद्वारा उद्घाटन गरिएको छ । बलात्कृत भएकी लालीको पीडाको समानुभूति गरेकी म पात्रका तलका प्रारम्भिक अभिव्यक्तिबाट पनि यसको पुष्टि हुन्छ :

> भित्तामा मुख जोतेर उसैगरी रोइरहिछ लाली । 'भन् न छोरी, म छु नि !' समस्या समाधान आफैँले गर्छु झैँ गरी भन्छु । सम्झन्छु, म पनि यसै गरी रोएथेँ 'दिलको खसमलाई साँचेको जोवन बाउसा'बलाई सुम्पँदा । उसको अनुहार हेरेर जान्दछु । भन्छु, 'सब ठिक हुन्छ नआत्तिई ।' (पृ. १६)

किशोरी छोरी बलात्कृत हुँदा एउटी आमा जति व्यथित हुनुपर्ने हो, त्यसको साटो आफूमाथिको विगतको सोही प्रकृतिको उत्पीडित अनुभवका आधारमा 'सब ठिक हुन्छ' भन्ने म पात्रका अभिव्यक्तिले यस्तो जघन्य अपराधलाई पनि तत्कालीन समाजको आवश्यकताले सिर्जना गरेको पारिपाटी ठानेर सामान्य रूपमा लिएको देखिन्छ । अपराधको सामान्यीकरण गर्ने उसको यस्तो चिन्तन चाहिँ सत्ताधारी पुरुषहरूको बहुगमनमा कुनै किसिमको व्यवधान सिर्जना नहोस् भन्ने उद्देश्यले  पितृसत्तात्मक, वर्णवादी तथा वर्गीय समाज र राज्यसत्ताको पूर्वाग्रही प्रणालीले निर्माण गरिदिएको हो । राज्यले उसका लागि निर्धारण गरिदिएको पेसा र आजीविकाको आधारलाई छोडिदिने हो भने उसको आमा मन चाहिँ भक्कानिएको छ । शरीरमा रक्सी र नरेशजंग राजाको गन्ध मिसाएर आएकी लालीको रुवाइ लामो समयसम्म नरोकिएपछि रुँदै "आफू हिँडेको बाटोमा छोरीलाई हिँडाएर के गर्न खोजेकी ?" (पृ. १७) भनेर उसले आफैंलाई गरेको प्रश्नले पनि सामाजिक प्रणालीका सामुको उसको विवशता प्रस्टिन्छ । त्यसै गरी लाली साथीहरूसितै भागेर जनयुद्धमा लागेको थाहा पाएपछि उसले गरेको "जहाँ भए पनि, जे गरे नि लालीले 'ठिक' गरेजस्तो" (पृ. १९) अनुभूतिले पनि उसको विवशतापूर्वक अँगालेको त्यस्तो पेसाको उत्पीडनबाट मुक्त हुने आकांक्षालाई नै मूर्त बनाएको छ ।

प्रस्तुत कथामा आम नागरिकले राज्यको जुनै पनि सेवा लिनका लागि आवश्यक पर्ने नागरिकतामा आमालाई गुमनाम बनाई बाबुको नामलाई अनिवार्य गराइदिएर राज्यले महिलाहरूमाथि पूर्वाग्रह राखेको वास्तविकता निरक्षर म पात्रले पनि प्रस्टसँग बुझेकी छ । कथामा अगाडि ऊ भन्छे :

> 'स्कुलमा नाम लेख्न मात्र होइन नागरिकता बनाउन पनि त बाबा चाहिन्छ रे । ठुलो भएपछि मैले नि बनाउने हो नि आमा, नागरिकता । तपाईंले भनेको बाबा कहिले हो, कालापारबाट फर्किने ?'

नागरिकताबाट वञ्चित थुप्रै अबोध अनुहारको जुलुस निस्कन्छ । त्यसपछि आमाअगाडि बाबा खोजमा आमरण अन्सन बस्छन् । (लालीको बाबा कालापार गएका भए न फर्कनु !) निदाएको बेलामा समेत टिमुरको काँडाझैँ बिझिरहने प्रश्नको जवाफ भक्कानोसँग झर्छ, 'तिनै राजा हुन् तेरो बा !' (पृ. १८)

यहाँ, एकातिर वंशाधिकार नदिएर प्रणालीगत रूपले नै राज्यले सबै महिलामाथि गरेको उत्पीडन प्रस्तुत भएको छ भने अर्कातिर समाजले पुरुषका लागि दिएको परस्त्री गमनको वैधता र त्यस सम्बन्धबाट जन्मेका तर त्यही समाजले अवैध करार गरेका यौनव्यवसायी महिलाका सन्तान नागरिकताविहीन हुनुपरेको कहालिलाग्दो तथ्य पनि उद्घाटन भएको छ । सामन्त बाउसाब, कर्मचारी, पुलिस जस्ता सत्ताको शक्तिमा रहेकाहरूको सहवासबाट जन्मेका नागरिकलाई वास्तविक बाबुले नाम दिन नचाहने तर राज्यले चाहिँ बाबुको नाम नै चाहिने व्यवस्था गरेर उनीहरूमाथि अन्याय गरिरहेको यस्तो कुरूप यथार्थबाट प्रणालीगत पूर्वाग्रह पनि महिलाको उत्पीडनका तहहरूलाई खप्ट्याउने प्रमुख कारक रहेको सिद्ध भएको छ । राज्यको यस्तो पूर्वाग्रहका कारण पात्रहरूले सामना गरिरहेका चुनौती र सङ्घर्षको सूक्ष्मता सम्प्रेषण गरी महिलाको यौन र आर्थिक अधिकारमा समेत पितृसत्तात्मक वर्गीय समाजले कायम गरेको एकाधिकारको आलोचना गर्न कथा सक्षम रहेको छ ।

**सीमान्तीकरण**

सीमान्तीकरणले राज्यका हरेक किसिमका सेवा सुविधाबाट वञ्चित भई अर्थिक सामाजिक रूपले पिँधमा पर्दै समाज र राज्यको मूलप्रवाहबाट किनारातिर धकेलिने प्रक्रियालाई बुझाउँछ । विशेष गरी आर्थिक, सामाजिक रूपले विपन्न व्यक्ति अरूभन्दा बढी सीमान्तीकरणमा पर्दछन् र यही कारण उनीहरूले अद्वितीय चुनौतीको सामना गर्नुपर्ने हुन्छ । आवास, शिक्षा, स्वास्थ्य, रोजगारी, न्याय आदि जीवनका धेरै क्षेत्रहरूमा उनीहरूमाथि भेदभाव हुन सक्छ । सामान्य अवस्थामा उनीहरू आफ्ना उत्पीडनका विरुद्धमा मुखर हुन पनि सक्दैनन् । 'बैस' कथाले विषमतायुक्त समाजका बादी महिला र सामन्ती पुरुषको सम्बन्ध चित्रण गर्दै शोषणको निरन्तरताबाट महिलाहरू सीमान्तीकरणमा पर्दै गएको वास्तविकता चित्रण गरेको छ । महिला पात्र आमाले गर्दै आएको यौन व्यवसाय अपनाउन बाध्य हुनु, कथित ठुला जातका पुरुषसँग जिज्ञासा राख्दा जवाफ पाउनुको साटो गुप्ताङ्ग देखाइमाग्नु, छोएको पानी नचल्नु, उमेर ढल्किएपछि यौन पनि नचल्नु, किशोरी छोरीको बलात्कार हुनु, शिक्षासँगै नागरिकताबाट वञ्चित हुनु जस्ता घटनाले बादी समुदायका गरिब महिलाको प्रतिनिधित्व गरेकी म पात्र सीमान्तीकरणमा पर्दै गएको बुझिन्छ । यसका विपरीत उच्च जात र वर्गका पुरुष ( बाउसाबहरू) हरू चाहिँ सामाजिक र राजनीतिक रूपले समेत सत्ताको केन्द्रमा रहिरहेका छन् । नेपाली समाजको यस्तो वास्तविकता कथामा यसरी चित्रित छ :

> ‘खलङ्गा त ठुलाठाली, ठुला जात, कर्मचारी, पुलिस र बाउसा’बको पो त ।’ अर्को मनले बुझाउँछु । पिपल चौतारी जान्छु । केही युवा तासमा नारिएका छन् भने केही क्यारेमबोर्डमा ।...हेर्छु, खानेपानी कार्यालय । आज पनि कार्यालयमा पार्टी रहेछ क्यार । कार्यालय सहयोगीले खसी काट्दै छन् ।...हिजोअस्तिजस्तै बाटामा भेटिए, रक्सीले झुलेका पुलिस, कर्मचारी र हुनेखाने खलकका बाउसा’ब । शिक्षा शाखा र मालपोतमा कर्मचारी ढोका थुनेर तासमा नारिएका छन् भने गाउँबाट आएका गाउँले झिँगा धपाइरहेका छन् । (पृ. १३)

लाली ‘परात’ मा धुने लुगा बोकेर नुहाउनका लागि कोटखोलातिर हिँडेपछि म पात्र रुकुमको सदरमुकाम खलङ्गा बजारछेउको बाठाबारा गाउँको आफ्नो छाप्रोमा एक्लै परेकी छ । शनिवारको दिन भए पनि उसले तीन दिन पहिले पारेको रक्सी एक गिलास पनि बिकेको छैन भने उसका ग्राहक पनि आएका छैनन् । यही दिक्दारीबाट केही बेर मुक्त हुनका लागि ऊ उक्लिएको खलङ्गा बजारको दृश्य वर्णित उपर्युक्त कथांशमा कर्मचारी, पुलिस, बाउसा’ब जस्ता बजारमा बसेका ठुलाबडाहरू रक्सी र तासमा झुलेको, युवाहरू तास र क्यारेमबोर्डमा नारिएको, खानेपानी कार्यालयमा खसी काटिँदै गरेको अवस्थाबाट जिल्लासरकारको प्रत्यक्ष उपस्थिति रहेको खलङ्गा, जो राज्यको मूल प्रवाहमा रहेको छ, मा पुरुषहरूको मात्र उपस्थिति देखिन्छ । यसबाट कथित ठुला जातका सामन्त पुरुषहरू मात्र सत्तासीन भएको, राज्यको सेवासुविधा पनि उनीहरूले मात्र उपभोग गरिरहेको र म पात्र जस्ता दलित महिला चाहिँ उमेर पनि ढल्किँदै गएकाले व्यवसाय गरेर पेट पाल्न नसक्ने स्थिति झेल्दै सीमान्तीकरणमा परेको वास्तविकता उद्घाटन भएको छ । यही कारण सबै किसिमका दलनहरू खप्न विवश हुँदै ऊ उत्पीडनको पिँधमा रहेकी हो । यसका विरुद्ध उसले कथामा प्रत्यक्ष रूपले विद्रोह नगरे पनि समाख्याताका रूपमा रहेर शोषणका तहहरू क्रमैसँग उप्काउँदै दलनको प्रतिरोधका लागि उपयुक्त पृष्ठभूमि निर्माण भने गरिदिएकी छ । यसैमा टेकेर लालीले प्रारम्भ गरेको सङ्घर्षको सङ्केत म पात्रले यसरी गरेकी छ :

> राजाले चिठी खोल्न थाल्छन् । ‘कमलीहरूसित भेरीपारि काफल खान गएकी लाली उनीहरूसितै ...!’ घाँटीसम्म आएको बोली पनि दुई हातले थाम्छु ।...बाउसा’बका आँखा चिठीमा के परेका थिए एकाएक उनको अनुहार बादलले छोप्न थालेको आकाश बन्छ । त्यसपछि क्रमशः रातोपिरो...।...डराएजस्तो न आक्रोशितजस्तो देखिन्छन् बाउसा’ब ।....चिठी च्यात्छन् ....राजा घोडा र रेडियो छाडी टाप कस्छन् । (पृ. १८–१९)

कमलीहरूसँगै भागेकी लालीले पठाएको चिठी पढेपछिको बाउसा’बको उपर्युक्त मनोदसाबाट लाली जनसङ्र्षमा संलग्न भएको बुझिन्छ । सबैलाई पैतलामुनि दबाएर राखेको ऊ लालीको चिठी पढेरै आत्तिनु तथा घोडा र रेडियो समेत छाडेर भाग्नु सामान्य कुरा होइन । *रोल्पा सुइना* कृतिमा द्वन्द्वकथाको खण्डभित्र

समेटिएको हुनाले प्रस्तुत कथा तत्कालीन नेकपा (माओवादी) ले २०५२ फागुन १ गतेदेखि २०६२ मंसिर ७ गते सात दल र माओवादी बिच बाह्र बुँदे समझदारी हुनुपूर्वको दस वर्षसम्म सञ्चालन गरेको जनयुद्धको समयावधिका बिचमा लेखिएको देखिन्छ । कथामा आएको 'बिहानै खलङ्गा आएकाले भनेथे, साँझ पिपले गाउँमा बम पड्क्यो' (पृ. १२) भन्ने सन्दर्भबाट पनि यसको पुष्टि हुन्छ । विद्रोहपूर्व सरकारसमक्ष माओवादीले महिलामाथिको पितृसत्तात्मक शोषणको अन्त्य, पैतृक सम्पत्तिमाथि छोराछोरीको समान अधिकार, सबै खाले जातीय शोषणसँगै दलितमाथिको भेदभाव र छुवाछुतको पूर्ण रूपले अन्त्य हुनुपर्ने लगायतका चालिस सूत्रीय मागहरू राखेको थियो (उपाध्याय र तिमिल्सिना, २०७६, पृ. १६०–१६१) । यसबाट उसले म पात्र र लाली जस्ता दलितमहिलाको मुक्तिको सवाललाई पनि सम्बोधन गरेको देखिन्छ । राज्यले नै प्रणालीगत पूर्वाग्रह राखेर सत्तासीनहरूलाई सीमान्तीकृत समुदायमाथि निर्वाध रूपले शोषण गर्ने छुट दिएको तत्कालीन परिस्थितिमा बाउसा'बको बलात्कारमा परेकी लालीका लागि जनसङ्घर्ष बाहेक न्यायप्राप्तिको अर्को विकल्प थिएन पनि । जनयुद्धका क्रममा लुट, हत्या, सुराकी, यौनशोषण लगायतका जघन्य अपराधमा संलग्न व्यक्तिलाई विद्रोही पक्षले सफाया गर्ने गरेको थियो । समकालीन समाजको अन्यायपूर्ण सामाजिक र राजनीतिक जीवनको आख्यानीकरण गर्दै आएका विभासले द्वन्द्वकालीन अवधिका यस्तै वास्तविकतालाई प्रस्तुत कथामा समेटेका छन् । कथाका घटनाहरूको शृङ्खलाबाट पनि लालीको चिठीले राजालाई सफायाको सूचना सम्प्रेषण गरेको बुझिन्छ । समाजको छाडा साँढेजस्तो उदण्ड ऊ मृत्युको त्रासका कारण नै त्यसरी आत्तिएर भागेको हो । जनसङ्घर्षमा लागेकी लालीको उक्त कदमले जात, लिङ्ग, वर्ग र अन्य सामाजिक कारकहरूले कसरी उत्पीडित चरित्रको अनुभवलाई उद्घाटन गर्छ र उनीहरूको सङ्घर्षका लागि ऐतिहासिक द्वन्द्ववादी विश्वदृष्टिकोणलाई आकार दिन्छ भन्ने कुराको अन्वेषणका लागि समेत पाठकलाई आकर्षित गर्दछ । उत्पीडनका अनकौं आयामहरू खप्दाखप्दै सीमान्तीकृत हुन पुगेका पात्रको सङ्गठित विद्रोहको यस्तो स्वरूपबाट प्रस्तुत कथाले उत्पीडनको अनुभव पृथक् हुँदा त्यसविरुद्धको सङ्घर्ष र न्यायप्राप्तिको तरिका पनि फरक रहेको वास्तविकता उद्घाटन गरेको छ । यसका साथै सबै किसिमका शोषणका मुद्दाहरूलाई वर्गीय मुक्तिआन्दोलको बृहत् आयामभित्र समेटेर एक साथ अगाडि बढाउनुपर्ने मार्क्सवादी अन्तर्दृष्टिलाई नै प्रधानता दिएर सीमान्तीकृत समुदायका अन्तरसम्बद्ध उत्पीडनको अन्त्यका लागि बलियो आधार निर्माण गर्नमा पनि कथाले सफलता प्राप्त गरेको छ ।

## निष्कर्ष

अन्तरसम्बद्धता व्यक्तिको सांस्कृतिक, संरचनात्मक, समाजजैविक, आर्थिक र सामाजिक सन्दर्भहरूबाट तयार हुने बहुपहिचान हो । यसले विद्यमान सामाजिक असमानताहरू बुझ्न तथा अध्ययनलाई पहिचानहरूको सम्बद्धताका कारण हुने विभेदको अनुभवमा केन्द्रित गर्नमा महत्त्वपूर्ण भूमिका खेल्दछ । नवीन विभासको 'बैंस' कथाको अन्तरसम्बद्धता बादी महिलामाथि लैङ्गिक, वर्गीय, जातीय र उमेरगत ज्येष्ठताका आधारमा सिर्जना

भएका उत्पीडनका तहहरूको उद्घाटन र त्यसबाट मुक्तिका लागि महिला पात्रले चालेको सङ्गठित विद्रोहको सङ्केतबाट प्रकट भएको छ । कथामा प्रकटित शक्तिसम्बन्ध समाजको मूल धारमा रहेका सामन्तहरूलाई प्रभुत्वशाली बनाउँदै लगेको र चार तहको उत्पीडनको मारमा परेका बादी महिलाहरू भने झनै बहिष्कृत हुँदै गएको वास्तविकता उदघाटन गर्न सक्षम देखिएको छ । त्यसै गरी सामन्तवादी समाजको विभेदपूर्ण संरचनाले सिर्जना गरेको पात्रको सोचाइको भिन्नतालाई कथामा संरचनात्मक असमानताद्वारा प्रस्ट पारिएको छ । बादी महिलाको मानसिकतालाई सङ्कुचित बनाउँदै उनीहरूको मुक्तिका लागि अवरोध बनेको यस्तो असमानताका कारण नै उनीहरूको दलनले निरन्तरता पाएको वास्तविकता प्रस्तुत गर्न कथा प्रभावकारी सिद्ध भएको छ । प्रणालीगत पूर्वाग्रह चाहिँ विशेष गरी राज्यको शैक्षिक निकाय र नागरिकतामा बाबुको मात्र सर्वाधिकार रहने कानुनी व्यवस्थाबाटै विभेदमा पारिएका कारण महिलाको अन्तरसम्बद्ध उत्पीडन झनै कसिलो बनेको वस्तुस्थिति चित्रणमा प्रभावकारी ठहरिएको छ । सीमान्तीकरणका कोणबाट हेर्दा प्रस्तुत कथाले चार तहको उत्पीडनका कारण बादी समुदायका महिलाहरू झनै सीमान्तीकृत हुँदै गएको पृष्ठभूमिमा नयाँ पुस्ता आफ्नो न्यायका लागि प्रतिरोध र सङ्घर्षमा क्रियाशील भएको विद्रोही अभिव्यक्ति दिन सक्षम रहेको देखिन्छ । यसरी प्रस्तुत कथाले उत्पीडनको अनुभव भिन्दै हुँदा त्यसका विरुद्धको सङ्घर्ष र न्याय प्राप्तिको तरिका भिन्दै हुने भए पनि सबै किसिमका उत्पीडनको केन्द्रमा रहेको वर्गीय शोषणविरुद्धको सङ्घर्षबाटै तिनको समाधान खोज्न सकिने वैचारिकीलाई नै जोड दिएको छ । कथामा म पात्र बाँचेको समाज पितृसत्तात्मक, वर्गीय विभेदयुक्त, वर्णव्यवस्थामा आधारित, महिलाहरूको किशोरावस्थाको उमेरलाई यौनकर्मका लागि आनन्ददायी ठान्ने सामन्ती र उत्पीडक प्रकृतिको छ । नेपाली समाजको यही सामन्ती चरित्रका विरुद्ध जनसङ्घर्ष प्रारम्भ भएको परिवेशमा आख्यानीकृत पात्रमाथि लिङ्ग, वर्ग, जात र उमेरका आधारमा भएका अन्तरसम्बद्ध उत्पीडनका भोगाइद्वारा महिला पहिचानका बहुआयामिक रूप र सामाजिक प्रणालीको सम्बोधन भई उत्पीडित अनुभवहरूको एक अर्कासँगको सम्बद्धता पनि प्रस्टिएको छ । अत: 'बैंस' कथामा उत्पीडनका तहहरूको खप्टाइबाट भइरहेको सीमान्तीरणको अवस्थाप्रति संवेदनशीलता सिर्जना गर्न तथा न्यायपूर्ण समाजनिर्माणको आकांक्षा र सबै किसिमका उत्पीडनबाट मुक्तिका लागि शोषणको विशिष्टीकरणसहितको जनवादी क्रान्तिमा संलग्न हुनुपर्ने मार्क्सवादी विचारको सम्प्रेषणका आयामहरूलाई कलात्मक रूपमा उद्घाटन गर्न कथाकार नवीन विभास सफल भएका छन् ।

## सन्दर्भसामग्री

आहुति (२०७५). *नेपालमा वर्णव्यवस्था र वर्ग-सङ्घर्ष* (तेस्रो संस्क.). काठमाडौं : फिनिक्स बुक्स ।

उपाध्याय, गोपीरमण र तिमिल्सिना, मनहरि (सम्पा.). (२०७६). *जनताको जनवादका आधारहरू*. काठमाडौं : इन्डिको इन्क प्रा.लि. ।

बुढाथोकी, आभास (२०७८ असोज २). बादी महिला : देहव्यापार, तिरस्कार र आत्मसम्मानको लडाइँ. *अनलाइन खबर.* वेब. https://www.onlinekhabar.com/2021/09/1014898

राई, कैलाश (२०७७ फागुन २२). अन्तरसम्बद्ध नारीवाद के हो, के होइन ?. *झन् नयाँ.* वेब. https//jhannaya.nayapatrikadaily. com/news-details/1291/2021-03-06

विभास, नवीन (२०७३). *रोल्पा सुइना.* काठमाडौ : साङ्ग्रिला पुस्तक प्रा.लि. ।

शर्मा, बिन्दु (सम्पा.). (२०७४). *समसामयिक प्रगतिवादी नेपाली कथा.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, बिन्दु (२०८० कार्तिक-चैत). नेपालमा महिलामुक्ति आन्दोलन र अन्तरसम्बद्धता. *अस्मिता हाम्रो.* पृ. ६–१४ ।

Acker, J. (2006). Inequality regimes, gender, class, and race in organizations. *Gender and Society*, *20*(4), pp. 441–464.

Baglama, Sercan Hamza (2020). Intersectionality in Zadie Smith's fiction: Race, gender and class. *Critical studies in social sciences and humanities* (Eds.). Mehmet Sarıoğlan and Sercan Hamza Bağlama. Livre De Lyon, pp. 21–36.

Crenshaw, K.W. (1991). Mapping the margins: intersectionality, Identity politics, and violence against women of color. *Stanford Law Review*, *43*(6), pp. 1241–99.

Cronin, C. (1996). Bourdieu and Foucault on power and modernity. *Philosophy and Social Criticism, 22*(6), pp.55-85.

De Vries, K.M. (2015). Transgender people of color at the center: Conceptualizing a new intersectional model. *Ethnicities*, *15*, pp.27–3.

Hulko, W. (2009). The time- and context-contingent nature of intersectionality and interlocking oppressions. *Affilia*, *24* (1), pp. 44–55.

McIntosh, P. (2012). Reflections and future directions for privilege studies. *Journal of Social Issues*, *68* (1), pp. 194–206.

Rodriguez, J. K., Holvino, E., Fletcher, J. K., & Nkomo, S. M. (2016). The theory and praxis of intersectionality in work and organisations: Where do we go from here? *Gender, Work, and Organization*, *23*(3), pp. 201–222.